# स्थानीय राजपत्र

**सियारी गाउँपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्डः ६ सियारी, जेष्ठ २२ गते, २०७९ साल संख्याः ०१ अतिरिक्त**


## भाग–२

**स्थानीय सरकार**

**सियारी गाउँपालिका, रूपन्देही**

सियारी गाउँपालिकाको मिति २०७९।०२।२० गतेको कार्यपालिका बैठकले बनाएको तल उल्लेख भए बमोजिमको"सियारी गाउपालिकानदिजन्य पदार्थ उत्खनन व्यवस्थापन एवं नियमन कार्यविधि-२०७७" (पहिलो संशोधन, २०७९) सम्वन्धी विषय स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सियारी गाउँपालिका नदिजन्य पदार्थ उत्खनन व्यवस्थापन एवं नियमन कार्यविधि, २०७७ (पहिलो संशोधन २०७९)

कार्यपालिकाको मिति २०७९।०२।२० को निर्णय अनुसार "सियारी गाउपालिकानदिजन्य पदार्थ उत्खनन व्यवस्थापन एवं नियमन कार्यविधि-२०७७"

मा तपसिल बमोजिम पहिलो संशोधन गरिएको छ ।यस पछि कार्यविधिको नाम "सियारी गाउँपालिका नदिजन्य पदार्थ उत्खनन व्यवस्थापन एवं नियमन कार्यविधि २०७७" (पहिलो संशोधन २०७९) रहने छ।

१. **परिच्छेद २ उपदफा ४ पछि उपदफा (५) थप गरिएको:-**

(५) उपदफा (३) र (४) मा जुन सुकै कुरा लेखिएको भएता पनि गाउँपालिका भित्रका सडक योजना/आयोजना निर्माण सडक मर्मत, संहार, सडक ग्राबेल लगाएतका आयोजनाहरुलाई आवश्यक पर्ने नदिजन्य पदार्थ तत्काल उपलब्ध गराउन पर्ने भएमा कार्यपालिकाबाट निर्णय गराई जेष्ठ मसान्त भित्र कार्य योजना बनाउन कुनै बाधा पर्ने छैन ।

२. **परिच्छेद ३ को उपदफा (८) पछि उपदफा (९) थप गरिएको:-**

(९) माथि जुन सुकै कुरा लेखिएको भएता पनि सियरी गाउँपालिका भित्रनदिजन्य पदार्थ बढी प्रयोग हुने सडक मर्मत, ग्राबेल लगाएतका आयोजनाहरुलाई आवश्यक पर्ने नदिजन्य पदार्थ उपलब्ध गराउन कार्यपालिकाले उपयुक्त ठानेमा कार्ययोजनामा उल्लेखित क्षेत्रमा प्राकृतिक स्रोत राजस्व अनुगमन समितिले रेखांकन गरिदिएको स्थानबाट तोकिएको परिमाणमा सियारी गाउँपालिकाको आर्थिक ऐनले निर्धारण गरेको दररेटमा कानून बमोजिम लाग्ने करसमेत जोडी गाउँपालिकाले आयोजनालाई सङ्कलन अनुमति दिन सक्नेछ।

प्रमाणिकरण मिति २०७९।०२।२२

आज्ञाले
रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत